# GORKHA BULLETIN

## TRIBHUVAN UNIVERSITY
## GORKHA CAMPUS, GORKHA

Vol. 5 No. 1 Bhadra 2081 B.S. August, 2024 A.D.

### उपकुलपतिद्वारा क्याम्पस भ्रमण अनुगमन

मिति २०८१/०१/१५ गते त्रि.वि.का उपकुलपति प्रा.डा. केशरजङ्ग बरालद्वारा यस क्याम्पसको अनुगमन भ्रमण गर्नुभयो । यस अवसरमा क्याम्पस प्रमुख नवराज पाण्डेले उपकुलपतिज्यूलाई क्याम्पसमा स्वागत गर्दै क्याम्पसका शैक्षिक, भौतिक तथा शैक्षणिक अवस्थाको जानकारी गराउनु भयो । क्याम्पसको भौतिक अवस्था र निर्माणाधीन पुस्तकालय भवनको अवलोकन गर्दै उपकुलपति बरालले वर्तमान अवस्थमा क्याम्पसले दक्ष र प्रतिस्पर्धी जनशक्ति तयार गर्नुपर्नेमा जोड दिनुभयो ।



### छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण

गोरखा जिल्लाका वारपाक सुलिकोट, भिमसेन थापा तथा सहिदलखन गाउँपालिकाहरुले यस क्याम्पसमा अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति तथा शैक्षिक सामग्री वितरण गरेका छन् । वारपाक सुलिकोट गाउँपालिकाले रु २,००,००० बराबरको छात्रवृत्ति ११ जना विद्यार्थीहरुलाई, भिमसेनथापा गाउँपालिकाले रु १,००,००० बराबरको छात्रवृत्ति रु १०,००० को दरले १३ जना विद्यार्थीहरुलाई प्रदान गर्यो । सहिदलखन गाउँपालिकाले रु ५,००० बराबरको ५ जना विद्यार्थीहरुलाई शैक्षिक सागग्री वितरण गरिएको थियो ।

## पदस्थापना कार्यक्रम सम्पन्न

यस क्याम्पसमा मिति २०८०/१०/२५ का दिन नवनियुक्त क्याम्पस प्रमुख श्री नवराज पाण्डेको पदस्थापन कार्यक्रम सम्पन्न भयो। पदस्थापन गर्दै क्या. प्र. श्री पाण्डेले क्याम्पसको समग्र विकासका लागि आफू सदैव क्रियाशील हुने प्रतिवद्धता व्यक्त गर्दै शिक्षक, कर्मचारी र विद्यार्थीको सामूहिक प्रयासले जिल्लाको एक महत्वपूर्ण शैक्षिक धरोहर गोरखा क्याम्पसलाई अझ समुन्नत बनाउन सकिने विश्वास व्यक्त गर्नुभयो। साथै मिति २०८०/१०/१७ गते रिक्त रहेको सहायक क्याम्पस प्रमुख पदमा श्री सन्जय अधिकारी र मिति २०८०/११/१४ गते श्री बासुबावु खत्रीको समेत पदस्थापन कार्यक्रम सम्पन्न भयो।








## क्याम्पस बस हस्तान्तरण

मिति २०८१/०१/०२ गते नेपाल भारत सहयोग अन्तर्गत भारतीय राजदूतावासको सहायोगमा क्याम्पस बस हस्तान्तरण कार्यक्रम सम्पन्न भयो। भारतीय दुतावासमा आयोजित कार्यक्रममा भारतीय दुतावासले उपहारस्वतरुप उक्त बस हस्तान्तरण गरेको हो। तत्कालीन अर्थमन्त्री वर्षमान पुन ‘अनन्त’ र नेपालका लागि भारतीय राजदूत श्री नवीन श्रीवास्तवले संयुक्त रुपमा बस हस्तान्तरण गर्नुभएको हो। यातायातको असुविधाले गोरखा क्याम्पस पढ्न चाहे पनि नसकेका विद्यार्थीहरुलाई यसले ठूलो सहयोग गर्ने अपेक्षा गरिएको छ।



## पुस्तक हस्तान्तरण कार्यक्रम

बारपाक सुलिकोट गाउँपालिकाले गोरखा क्याम्पस, गोरखालाई पुस्तक हस्तान्तरण गरेको छ। मिति २०८१/०३/१२ गते अयोजित उक्त कार्यक्रम पुस्तकालय व्यवस्थापन तथा विकास समितिका अध्यक्ष स. क्याम्पस प्रमुख बासुबाबु खत्रीको संयोजकत्व तथा रेनु




श्रेष्ठको सञ्चालनमा सम्पन्न भएको थियो । पुस्तक हस्तान्तरण गर्दै बारपाक सुलिकोट गाउँपालिका अध्यक्ष श्री विष्णु भट्टले गोरखाको एकमात्र आंगिक क्याम्पसलाई पुस्तक हस्तान्तरण गर्नपाउँदा खुशी व्यक्त गर्दै आगामी दिनमा समेत यस्ता कार्यहरु जारी रहने प्रतिवद्धता व्यक्त गर्नुभयो । गाउँपालिकाका उपाध्यक्ष सनमाया गुरुङ् समेत उपस्थित सो कार्यक्रममा क्याम्पस प्रमुख श्री नवराज पाण्डेले हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

## फेरी भटौंला कार्यक्रम सम्पन्न

यही मिति २०८१/०३/२१ गते स्वतन्त्र विद्यार्थी युनियन गोरखा क्याम्पसको आयोजनामा शिक्षा शास्त्र तथा व्यवस्थापन सङ्काय स्नातक तह चौथो वर्षको विद्यार्थीहरुलाई फेरी भेटौंला कार्यक्रम सम्पन्न भयो । सहायक सचिव रचन परियारको अध्यक्षता सदस्य रचना वसेलको सञ्चालन र सदस्य अनुप तिवारीको स्वागत मन्तव्यमा सञ्चालित सो कार्यक्रममा क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख लगायत प्राध्यापक कर्मचारी र विद्यार्थीहरुको सहभागिता थियो। विभिन्न मनोरञ्जनात्मक कार्यक्रम सहित आयोजित उक्त कार्यक्रम हर्षोल्लासपूर्वक सम्पन्न भएको थियो ।




## अनुसन्धान सम्बन्धी अनलाइन रिफ्रेसमेन्ट प्रशिक्षण कार्यक्रम

अनुसन्धान व्यवस्थापन समिति, गोरखा क्याम्पसले २०८१ साल फाल्गुन देखि हेरक महिनाको अन्तिम शुक्रबार अनुसन्धान सम्बन्धी अनलाइन रिफ्रेसमेन्ट प्रशिक्षण कार्यक्रम सञ्चालनमा ल्याएको छ। उक्त अनलाइन कार्यक्रममा श्री विशाल कुमार चालिसे, डा. कमल प्रसाद आचार्य, श्री कृष्ण बहादुर जि.सी. र श्री शिवदत्त दवाडीले विषय विज्ञ रुपमा अनलाइन उपस्थित भई कार्यक्रममा हालसम्म

सहजीकरण गर्नुभएको थियो भने यस क्याम्पसमा प्राध्यापनरत शिक्षकहरुको सक्रिय सहभागीता रहेको थियो । यस्ता कार्यक्रम पूर्ववत निरन्तर चलिरहने अनुसन्धान व्यवस्थापन समितिका संयोजक श्री पार्वती शाहीले बताउनुभयो ।

## पालुङ्टार नगरपालिकाद्वारा फर्निचर प्रदान

पालुङ्टार नगरपालिकाले यस क्याम्पसलाई फर्निचर उपलब्ध गराएको छ । रु.५,००,०००।- बराबरको सुविधासम्पन्न ४०(चालिस) थान कुर्सी र २० (बीस) थान टेवल उपलब्ध गराएको हो । यसले पालिका र क्याम्पसको सहकार्य र सम्बन्ध बढाउने साथै विद्यार्थीहरुको शैक्षणिक कार्यमा सहजता प्रदान गर्ने अपेक्षा गरिएको छ ।




## अन्तरक्रिया कार्यक्रम सम्पन्न



यही मिति २०८० साल भाद्र ७ गते यस क्याम्पसमा सार्वजनिक शान्ति विरुद्धको कसुर विषयका अन्तक्रिया कार्यक्रम सम्पन्न भयो । क्याम्पसका प्राध्यापक, कर्मचारी तथा विद्यार्थीहरु समेत सहभागी सो कार्यक्रममा जिल्ला प्रहरी कार्यालय गोरखाका नायव प्रहरी उपरिक्षक श्री रमेश कुमार श्रेष्ठद्वारा सम्बन्धित विषयमा प्रदर्शनी सहित सहजीकरण गर्नुभएको थियो । यस कार्यक्रमले विद्यार्थीहरुमा सचेतता ल्याई शान्तिपूर्ण समाज निर्माणमा सहयोग पुग्ने आशा व्यक्त ग दैं क्याम्पस प्रमुख श्री रामशरण बानियाँले जिल्ला प्रहरी कार्यालयलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

## द एजुकेटर जर्नल प्रकाशन

गोरखा क्याम्पस अन्तर्गत अनुसन्धान व्यवस्थापन समितिले क्याम्पसमा प्राध्यापनरत प्राध्यापक तथा त्रिभुवन विश्वविद्यालय अन्तर्गतका क्याम्पस र विभागमा प्राध्यापनरत तथा कार्यरत बौद्धिक वर्गबाट प्राप्त १२ वटा अनुसन्धानात्मक लेख रचनालाई प्रकाशन गर्ने क्रममा The Educator Journal (Vol.12 No.1 2024, ISSN 2362-132X) नामको जर्नल Nepal Journals Online (www.nepjol.info) मा बैशाख १५ शनिवारका दिन अनलाईनबाट प्रकाशनमा ल्याएको थियो ।



## कार्यशाला गोष्ठी सम्पन्न

अनुसन्धान व्यवस्थापन एकाई, गोरखा क्याम्पस, गोरखाको आयोजना तथा विश्वविद्यालय अनुदान आयोगको प्राविधिक सहयोगमा यस क्याम्पसमा प्राध्यापनरत प्राध्यापक तथा कार्यरत कर्मचारीहरुका लागि १ दिने Article Writing for Publication जेठ ५ गते र ३ दिने Data Generation and Analysis in Research जेठ १२ देखि १४ गतेसम्म संचालन गरिएको थियो । क्याम्पस प्रमुख श्री नवराज पाण्डेको अध्यक्षतामा संचालन भएको कार्यशाला गोष्ठीमा त्रि.वि.का विभिन्न क्याम्पस तथा विभागमा प्राध्यापनरत प्राध्यापकहरु डा. प्रेम प्रसाद पौडेल, डा. कमल प्रसाद आचार्य, श्री शिवदत्त दवाडी र श्री पार्वती शाही विषय विज्ञ रुपमा उपस्थित भई कार्यक्रममा सहजीकरण गर्नुभएको थियो । उक्त दुवै कार्यक्रममा ६० जना शिक्षक तथा कर्मचारीहरुको सक्रिय सहभागिता रहेको थियो ।






## गोरखा नगरपालिकाद्वारा सहयोग प्रदान

गोरखा नगरपालिकाको आ.व. २०८०/०८१ को वार्षिक बजेटबाट यस क्याम्पसलाई नगरस्तरीय योजना तथा कार्यक्रमको स्वीकृत बजेट तथा कार्यक्रममा व्यवस्था भए बमोजिम शैक्षिक तथा भौतिक पूर्वाधार व्यवस्थापन गर्न यस क्याम्पसले पेश गरेको प्रस्तावित कार्यक्रम अनुसार रु १५,००,०००।- अक्षरुपि पन्ध्र लाख आर्थिक सहयोग प्राप्त भयो । यस बजेटबाट सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार क्याम्पसले कम्प्युटर, इन्टरएक्टिभ बोर्ड खरिद तथा अन्य भौतिक निर्माण कार्य सम्पन्न गऱ्यो । यस किसिमको सहयोगबाट क्याम्पसको शैक्षिक गुणस्तर तथा भौतिक विकासमा महत्वपूर्ण योगदान पुगेको छ ।

## विदाइ कार्यक्रम सम्पन्न

यस क्याम्पसमा विगत लामो समयदेखि कार्यरत उप-प्राध्यापक एवम् सेवा निवृत्त क्याम्पस प्रमुख श्री रामशरण बानियाँलाई एक कार्यक्रम बीच विदाइ गरियो । नि. क्याम्पस प्रमुख श्री नवराज पाण्डेको अध्यक्षता र शाखा अधिकृत श्री तोरण बहादुर खड्काको सञ्चालनमा सञ्चालित उक्त कार्यक्रममा त्रि.वि. प्राध्यापक संघ सभापति, त्रि.वि. कर्मचारी संघ सभापति, प्राध्यापक, कर्मचारी, स्व.वि.यु. तथा विद्यार्थीहरुको उपस्थिति रहेको थियो । विदाइ कार्यक्रमलाई सम्बोधन गर्दै निवर्तमान क्याम्पस प्रमुख श्री बानियाँले लामो समय काम गरेका संस्थालाई कहिल्यै भुल्न नसक्ने तथा क्याम्पसले आवश्यक ठानेको जुन कुनै पनी सहयोग गर्न तयार रहेको बनाउनुभयो । कार्यक्रमका सभापति एवम् तत्कालिन नि.क्या.प्र. श्री पाण्डले क्याम्पसको भौतिक तथा शैक्षणिक विकासमा दिनुभएको

योगदान प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आगामी दिन क्याम्पसको वृहत्तर हितका लागि सल्लाह र सुझाव महत्वपूर्ण हुने विश्वास व्यक्त गर्नुभयो ।



## दीर्घसेवा पदक

त्रिभुवन विश्वविद्यालयको ६५ औं वार्षिक दिवसको उपलक्ष्यमा त्रि.वि. सेवामा २५ वर्ष पुरा गर्नुभएका यस क्याम्पसका प्राध्यापक तथा कर्मचारीहरु दीर्धसेवा पदक तथा प्रमाण-पत्रद्वारा सम्मानित हुनुभयो । सम्मानित हुनुहुनेमा उप-प्राध्यापक पूर्णमान श्रेष्ठ, उप-प्राध्यापक सप्तकुमार श्रेष्ठ, उप-प्राध्यापक इन्द्रकुमारी देवकोटा बस्नेत तथा मुख्य कार्यालय सहायक अशोक राना हुनुहुन्थ्यो ।







**सम्पादकीय,**

सदाका वर्षहरुमा झैं गोरखा क्याम्पस, गोरखाले आफ्नो क्याम्पसको मुखपत्र गोरखा बुलेटिन वर्ष-५ अङ्क-१ प्रकाशित गरेको छ । क्याम्पस भित्रका शैक्षिक, भौतिक, प्रशासनिक एवम् अन्य अतिरिक्त कार्यक्रमहरुका झलक पस्किने जमर्को गरिएको छ । यस बुलेटिनमा प्रकाशित लेखहरुमा सकभर त्रुटि कम गर्न खोजिएको छ, कुनै त्रुटि भएमा सच्याउन उपयुक्त सल्लाह सुझावको अपेक्षा राखेका छौं ।

*प्रतिक्रियाका लागि :* ***E-mail: gorkhabulletin@gmail.com***

**सम्पादक मण्डल**

संयोजक
ठाकुर प्रसाद खनाल
सदस्य
सुशिल अर्याल
सरिना पोखरेल
मिलन श्रेष्ठ
रेनु श्रेष्ठ
कम्प्युटर लेआउट
मुख्य प्राविधिक सहायक (कम्प्युटर) मिलन श्रेष्ठ